# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चौतारा, सिन्धुपाल्चोक

पत्र संख्याः २०७८/०७९
चलानी नम्बरः १३०६

बागमती प्रदेश, नेपाल

मिति : २०७९/०२/०४

श्री वडा नं ५, ७, ११ र १२ को कार्यालयहरु
चौतारा साँगाचोकगढी नगरपालिका
चौतारा, सिन्धुपाल्चोक ।

**विषय : प्रस्ताव सम्बन्धी सूचना पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा जाईका नेपालको सहभागीतामूलक ग्रामिण पुनर्लाभ परियोजनाको सहयोगमा यस नगरपालिकाका ईच्छुक सामुदायिक समुहहरुलाई पुनर्लाभ सम्बन्धी साना परियोजना प्रस्तावहरु पेश गर्नु हुन अनुरोध गरेको हुँदा सो को परियोजना प्रस्ताव आव्हानको सूचना र प्रस्ताव सम्बन्धी ढाँचा समेत यसै पत्रसाथ संलग्न गरी पठाईएको छ । उक्त सूचना तहाँ वडा कार्यालयको सूचना पार्टीमा टाँस गरी मिति २०७९/०२/०६ देखि २०७९/०२/२० गते सम्म प्रस्तावहरु संकलन गरी पठाईदिनु हुन सादर अनुरोध गर्दछु ।

.....................................
राजुभाइ श्रेष्ठ
अधिकृतस्तर सातौं

## अनुशुची ३: सामुदायीक पुनर्लाभ परियोजनाका लागि प्रश्तावना पेश गर्ने फाराम

जाइका-पिपिआरआर
सामुदायीक पुनर्लाभ परियोजना

क्षेत्र (√):
☐कृषि
☐पर्यटन

| परियोजना प्रश्तावना |
|---|
| आर्थिक बर्ष (                    ) |

| पालिकाको नामः | वडा नं.: |
|---|---|

| | | |
|---|---|---|
| परियोजनाको शिर्षकः | | |
| परियोजना स्थानः | गाउँ/टोलः | यदि खास स्थान भए उल्लेख गर्नेः |
| परियोजनाको अवधि ( कहिलेदेखि कहिलेसम्म) | | |
| परियोजनाका उद्देश्यहरु | | |
| परियोजनाको बिवरण | पृष्ठभूमि (भूकम्प तथा अन्य बिपद्हरुका प्रभाव)<br><br>के गर्ने (मूख्य कृयाकलापहरु)<br><br>किन (सम्बोधन गर्नु पर्ने आबश्यकताहरु/समस्याहरु)<br><br>कसरी (प्रकृया)<br><br>को (लक्षित समुहहरु) | |

०८५/२/८

राजुभाइ श्रेष्ठ
अधिकृतस्तर सातौं

चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

<table>
<tr><td rowspan="4">परियोनाको अन्त्यमा हासिल गरिने अपेक्षित नतिजाहरु</td><td>नतिजा १</td><td colspan="7"></td></tr>
<tr><td>नतिजा २</td><td colspan="7"></td></tr>
<tr><td>नतिजा ३</td><td colspan="7"></td></tr>
<tr><td>नतिजा ४</td><td colspan="7"></td></tr>
<tr><td>लाभान्वितहरुको जम्मा संख्या:</td><td colspan="2">पुरुष:</td><td colspan="2">महिला:</td><td colspan="4">जम्मा:</td></tr>
<tr><td rowspan="6">सामाजिक तथा आर्थिक अवस्थाको आधारमा लाभान्वितहरुको संख्या:</td><td colspan="2">अपांगता भएका व्यक्ति</td><td colspan="2">दलित</td><td colspan="2">मुश्लिम</td><td colspan="2">जनजाति</td></tr>
<tr><td>पुरुष</td><td>महिला</td><td>पुरुष</td><td>महिला</td><td>पुरुष</td><td>महिला</td><td>पुरुष</td><td>महिला</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">भूमिहिन/सुकुम्वासी</td><td colspan="2">बिपन्न खस-आर्य</td><td colspan="2">अन्य</td><td colspan="2"></td></tr>
<tr><td>पुरुष</td><td>महिला</td><td>पुरुष</td><td>महिला</td><td>पुरुष</td><td>महिला</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>मूख्य क्रियाकलापहरु र बजेट</td><td colspan="8">१. ............................................................................................रु...............<br>२ ..............................................................................................रु..................<br>३. ............................................................................................रु...............<br>४ ..............................................................................................रु.................<br>५. ............................................................................................रु...............<br>६ ..............................................................................................रु...............<br>७. ............................................................................................रु...............<br>जम्मा. ......................................................................................रु...............</td></tr>
<tr><td>अनुमानित बजेटको श्रोत</td><td colspan="8">१) पिपिआरआरमा अनुरोध गरिएको:<br>२) सामुदायीक समुहको योगदान (नगद/जिन्सी, श्रमदान):<br>३) पालिका/वडाबाट:<br>४) अन्य (कृपया उल्लेख गर्नुहोस)........................</td></tr>
<tr><td>प्रश्तावना पेश गर्ने:<br><br>(सामुदायीक संस्थको नाम, ठेगाना र छोटो बिवरण)</td><td colspan="8">नाम:<br>सामुदायीक संस्थाको प्रकार (कृपया रेजा (√) लगाउनुहोस) :<br>☐ सहकारी ☐ उपभोत्ता समुह ☐ महिला समुह ☐कृषक समुह ☐युवा क्लव<br>☐नअन्य (कृपया उल्लेख गर्नुहोस)</td></tr>
</table>

राजुभाइ श्रेष्ठ
अधिकृतस्तर सातौं

चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| | |
|---|---|
| | ठेगानाः<br>स्थापना (साल र महिना):<br>सुदायीक संस्थामा जम्मा सदस्य संख्याः महिलाः पुरुषः<br>कार्यसमितिमा को को हुनुहुन्छ (नाम र पद) ?<br>(१) अध्यक्षः......................<br>(२) सचिवः.............................<br>(३) कोषाध्यक्षः...............................<br>(४) सदस्यः .................................<br>(५) सदस्यः .......................................<br>(६) सदस्यः ..........................................<br>(७) सदस्यः ...................................................... |
| यो परियोजना प्रश्ताव आव्हान भएको कसरी थाहा पाउनु भयो ? | ☐ पालिकाको वेवसाइट ☐ पालिकाको फेसबुक ☐ पालिकाको सुचना पाटी<br>☐ वडाको सुचना पाटी ☐ वडा समितिका सदस्यहरु<br>☐सामुदायीक सहजकर्ता ☐पत्रिका ☐ रेडियो<br>☐ अन्य (कृपया उल्लेख गर्नुहोस)......................... |
| यदि प्रश्तावना बारे छलफल गर्न, तयार पार्न र पेश गर्ने सन्दर्भमा बैठक भएको भए निर्णय पुस्तिकाको कपी यस फारामसहित पेश गर्नुहोस | |
| पेश गरेको मितिः | |
| पेश गर्ने (नाम, पद र हस्ताक्षर): | हस्ताक्षरः<br>नामः<br>पदः अध्यक्ष<br><br>हस्ताक्षरः<br>नामः<br>पदः सचिव |
| प्राप्त गर्ने (नाम, पद र हस्ताक्षर): | हस्ताक्षरः<br>नामः<br>पदः<br>निकायः<br><br>हस्ताक्षरः<br>नामः<br>पदः<br>निकायः |

राजुभाइ श्रेष्ठ
अधिकृतस्तर सातौं

चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**परियोजना प्रश्ताव आव्हान**

**सामुदयीक पुनर्लाभ परियोजना**

**आर्थिक बर्ष २०७९/८०**

जाईकाको सहभागीतामूलक ग्रामिण पुनर्लाभ परियोजना (जाइका-पि.पि.आर.आर.) को सहयोगमा चौतारा सांगाचोकगढी नगरपालिकाले ईच्छुक सामुदायीक समुहहरुलाई पुनर्लाभ सम्बन्धी साना परियाजना प्रश्तावहरु (जुन "अझ राम्रो र अझ झन बलियो" अवधारणामा आधारित हुनु पर्ने) पेश गर्न अनुरोध गर्दछ ।

"अझ राम्रो र अझ झन बलियो" भनेको बिपद्‌लाई हाम्रो समाजका बिबिध पक्षहरुको आधारमा बृहत्तर रुपमा पुनबिचार गर्ने र भविष्यमा आउन सक्ने बिपद्‌हरुका बिरुद्ध सक्षम र बलियो हुने गरी पुननिर्माण गर्ने अवसरको रुपमा प्रयोग गर्ने अवधारणा हो । यो भत्किएका घरहरु पुनर्निर्माण गर्ने मात्र होइन बरु जीविकोपार्जन र आर्थिक अवसरहरुको पुननिर्माण र पुनर्प्राप्ति पनि हो । साथै यो हाम्रो पालिकामा सामाजिक सम्बन्धहरुको पुनर्स्थापना र सुधार गर्ने कार्य पनि हो जुन बिपद्‌को बेला महत्वपुर्ण सहयोगी संयन्त्र बन्न सक्छ । ब्यक्तिहरु बिपद्‌बाट सहि तरिकाबाट पुनर्लाभ हुन चाहन्छन् भने बिपद् पश्चात मनोवैज्ञानिक र सांस्कृतिक सवालहरुको संबोधन हुनु पनि महत्वपपूर्ण हुन्छ । बिपद् पछि जब यस्ता सवालहरु संबोधन गरिन्छन्, तब यो कुरा महत्वपूर्ण हुन्छ की जनताले दीर्घ कालमा हासिल गर्न सक्ने दिगो र सबलताको सपनामा आधारित पुनर्लाभ प्रकृयाको अगाडि हेर्ने रणनीतिको रुपमा लिन्छ ।

"अझ राम्रो र अझ झन बलियो" अवधारणामा आधारित पुनर्लाभ, समुदायका सबै बासिन्दाहरुलाई संलग्न गरी सहभागीतामूलक हुनै पर्छ । किनभने, यो सबैको लागि साझा भविष्य सम्बन्धी छलफल र सहमतिको प्रकृया हो । यो एउटा प्रकृया हो जसमा सरकार मात्र होइन समुदाय र ब्यक्तिहरुले आ-आफ्नो तहबाट काम गर्छन् । त्यस्तै यो प्रकृया समाबेशी हुनैपर्छ ताकी पालिकाका सीमान्तकृत वा संकटाभिमुख समुहहरुको यो प्रकृयामा सहभागिता र उनिहरुमा प्रतिफल पुग्ने कुरामा ध्यान पुराउन र सुनिश्चित गर्न सकियोस । उनिहरुको भावी बिपद् सम्बन्धी जोखिम वा संकट कम गर्ने र सक्षमता बढाउन यस्ता समुहहरुको अबस्था र क्षमतामा सुधार गर्नु महत्वपुर्ण हन्छ ।

२०७२ सालको भूकम्पले हाम्रो पालिकामा धेरै क्षति पुरायो । निजि घर पुनर्निर्माणमा तिब्र प्रगति भएकोछ भने अन्य पुर्वाधार, आर्थिक तथा सामाजिक सवालहरु संबोधन गर्न अझै बाँकि नै छन् । हालैको कोविड-१९ को माहामारी लगायतका अन्य बिपद्‌हरुले स्थिति अझ चुनौतिपुर्ण बनाएका छन् ।

यस परिबेशमा, सामुदायीक पुनर्लाभ परियोजना, परीक्षणको रुपमा केही वडा (**वडा नं. ५, ७, ११ र १२**) मा सञ्चालन गरिदैछ । जसको उद्देश्य २०७२ को भूकम्प र त्यसपछिका अरु बिपद पश्चात अझै पनि संबोधन हुन नसकेका मुख्य आर्थिक र सामाजिक समस्याहरु पहिचान गर्न पालिकाबासीहरुलाई एउटा संयन्त्र उपलब्ध गराउनु हो र समुदायका समुहहरुद्वारा लघु प्रकृतिका पुनर्लाभ परियोजनाहरु कार्यान्वयन गराउनु हो । छानिएका परियोजनाहरुले जाइका-पि.पि.आर.आर. टिम र स्थानीय सरकारबाट आर्थिक र प्राविधिक सहयोग पाउने छन् ।

❖ **कस्ता खालका परियोजना प्रशतावहरु पेश गर्न सकिन्छ ?**

- परियोजनाहरुको उद्देश्य पुनर्लाभ र भूकम्पबाट प्रभावितहरुको जीविकोपार्जन उठाउने खालको हुनु पर्ने छ
- परियोजनाहरु आवधिक विकास योजना वा बार्षिक विकास योजनामा पहिचान भएका परियोजनाहरु मध्येबाट वा मेल खाने हुनुपर्दछ।
- परियोजनाहरुले पालिकाको समग्र पुनलर्भाभ खास गरी कृषि र पर्यटन क्षेत्रको प्राथमिकताहरुलाई योगदान पुराउने हुनु पर्ने छ।
- परियोजनाहरु आर्थिक उत्थान र समुदाय तहमा भविष्यमा आउन सक्ने बिपद्को बिरुद्ध सामाजिक सक्षमता बढाउने खालको हुनु पर्ने छ।
- परियोजनाहरुले त्यस्ता क्रियाकलापहरु समाबेश गरिएको हुनु पर्नेछ जसले बिपद् नियन्त्रणका लागि समुदायको आफ्नो क्षमता, सचेतना र बुझाई बढाउने खालका हुन्।
- परियोजना कार्यान्वयनबाट समुदायमा आपसी सहयोग प्रबर्धन होस जुन भावी बिपद्का लागि तयारी अबस्थाको अभिबृद्धिमा सहयोगी बनोस्।
- प्राथमिकता त्यस्ता लक्षित परियोजनाहरुले पाउनेछन् जसको उद्देश्य समानता र सशक्तिकरण बढाउने तथा महिला र सीमान्तकृत समुहहरुको रुची र आबश्यकतालाई संबोधन गर्ने गरी जीविकोपार्जनमा सुधार ल्याउने होस्।
- प्राथमिकता त्यस्ता परियोजनाहरुले पाउनेछन् जुन भूकम्प प्रभावित समुदायबाट उत्पादित बस्तु वा सेवा जुन बजारीकरणका लागि राम्रो संभावना भएका बिशिष्ट उत्पादनका मूल्य-थपमा आधारित उत्पादन/सेवा सँग सम्बन्धीत हुन्।
- प्राथमिकता त्यस्ता परियोजनाहरुले पाउनेछन् जसले पालिकाको बिशिष्ट संस्कृतिको प्रबर्धन गर्नेछन्।

❖ **कस्ता खालका परियोजनाहरुलाई सहयोग गर्न सकिने छैन ?**

- शिक्षक वा सरकारी कर्मचारीलाई थप तलव, भत्ता वा कुनै प्रोत्साहन स्वरुप भुक्तानी
- विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने
- विपन्नहरुलाई नगद भत्ता उपलब्ध गराउने
- ब्याज आर्जन गर्न लामो समयसम्म बैंक खातामा राख्ने
- ऋण कार्यक्रमको लागि बिउ पुँजी

❖ **कसले परियोजना प्रशतावहरु पेश गर्न सक्छन् ?**

- विद्यमान सामुदायिक समुहहरु (जस्तै सहकारी, कृषि समुह, महिला समुह, युवा समुह, आमा समुह आदि) जसले महिला तथा सुविधाविमुख समुहहरुलाई प्रतिनिधित्व गर्छन् र २०७२ को भूकम्पबाट प्रभावित भएका हुन् ।
- पालिकामा दर्ता भएका वा विगतमा काम गरेको आधारमा पालिकाको रेकर्डमा (सूचिकृत) रहेका सामुदायिक समुहहरु ।
- यस्ता समुहहरु जसको मुख्य पदमा महिला तथा सुविधा विमुख समुहबाट भएका हन् ।

### ❖ परियोजना अवधि

- मोटामोटी २०७९ श्रावन १ देखि २०८० असार ३० (जुलाई १७, २०२२ देखि जुलाई १५, २०२३) सम्म

  *नोट: सामान्य चक्र मोटामोटी रुपमा नेपाली आर्थिक बर्ष अनुसार एक बर्षको (साउन १ देखि असार मसान्तसम्मको) हुने ।*

### ❖ परियोजनाको बजेट

- प्रत्येक बर्षका लागि एउटा परियोजना प्रश्तावको बजेट नेपाली रुपैया दश लाख भन्दा बढी हुनु हुदैन ।

  *नोट: अपवाद बाहेक प्रति बर्ष अधिकतम बजेट रु. पन्ध्र लाख हुन सक्छ, यो परियोजनाको प्रकृति र छनोट भएका अन्य परियोजनाहरुमा भर पर्नेछ ।*

### ❖ परियोजना प्रश्तावको ढाँचा

- परियोजना प्रश्तावको ढाँचा सम्बन्धित वडा कार्यालय (५, ७, ११, र १२) बाट प्राप्त गर्न सक्नु हुनेछ । केही प्रश्न भएमा वा थप स्पस्टताको लागि उक्त वडा कार्यालयमा सम्पर्क गर्नुहोला । वा, श्री अष्ट कुमार श्रेष्ठ, जिल्ला संयोजक सिन्धुपाल्चोक, जाइका-पि.पि.आर.आर. (इमेल: astashrestha8@gmail.com ) मा कम्पर्क गर्न सक्नुहुनेछ ।

### ❖ परियोजना पेश

- सम्पूर्ण परियोजना प्रश्ताव २०७९ जेष्ठ २० गते (३ जुन, २०२२) भित्र तापाईको वडा कार्यालय मार्फत पालिकामा पेश गर्नु पर्नेछ ।